सूचनाको हक सम्बन्धी ऐन २०६४ का दफा ५(३), सूचनाको हक सम्बन्धी नियमावलीको नियम ३ अनुसार

प्रेषित सूचनाहरुको विवरण २०८२ कात्तिकदेखि २०८२ पुषसम्म




नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# वनस्पति विभाग

थापाथली, काठमाडौं

# विषय सूची


१. वनस्पति विभागको स्वरुप र प्रकृति....................................................................१

२. विभागको काम, कर्तव्य र अधिकार ....................................................................१

३. निकायमा रहने कर्मचारी संख्या........................................................................२

४. निकायबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने शाखा र जिम्मेवार निकाय (नागरिक वडापत्र)......................................४

५. निर्णय गर्ने प्रक्रिया र अधिकारी........................................................................५

६. निर्णय उपर उजुरी सुन्ने अधिकारी.....................................................................५

७. प्रमुखको नाम र पद.........................................................................................५

८. सूचना अधिकारीको नाम र पद ..........................................................................५

९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची.........................................................५

१०.आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण..........................६

११.अघिल्ला आ.व. मा विभागबाट सञ्चालित कार्यक्रमहरुको विवरण ............................६

१२.विभागको Website.........................................................................................६

१३.विभागले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग, सम्झौता ..........................७

१४.विभागले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति विवरण......................................७

१५.विभागमा परेको सूचना माग सम्बन्धि निवेदन र सो उपर दिएको विवरण........................७

१६.सूचना प्रकाशन...............................................................................................७

१७.संगठन संरचना...............................................................................................९

## १. वनस्पति विभागको स्वरुप र प्रकृति

वि.स. १९९४ सालमा वनस्पति स्रोतको जगेर्ना र प्रयोग गर्ने हेतुले वनस्पति फाँट र वनस्पति गोश्वाराको स्थापना भए पश्चात वनस्पति सम्पदाको सर्वेक्षण, पहिचान, प्रविधि विकास, संरक्षण एवं सम्बर्द्धन तथा दिगो विकास गर्ने प्रमुख उद्देश्यले वि.स.२०१६ सालमा स्थापना भएको वनस्पति विभागले विज्ञान तथा प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धान र विकासका विभिन्न चरणहरु पार गर्दै हालको अवस्थासम्म आइपुगेको छ। विभाग विगतको संगठन संरचना २०५५ मा सामान्य हेरफेर भई २०५७ सालदेखि पुनः सञ्चालनमा आएको थियो,। पहिले वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत रही आएकोमा हाल नेपालको संविधानले प्रत्याभूत गरेको संघीय संरचना अनुरुप यस विभागको संगठन संरचना परिमार्जन भई वन तथा वातावरण मन्त्रालय अन्तर्गत रही हाल सोही संरचना अन्तर्गत विभागका सम्पूर्ण तहका कर्मचारीहरु परिचालन गरी सफलतापूर्वक कार्य सञ्चालन हुदै आएको छ ।

नेपालमा पाइने वानस्पतिक स्रोतको विविधताको अन्वेषण, संकलन, पहिचान, नमूनाहरुको संरक्षण, अध्ययन, अनुसन्धान र तिनीहरुको स्वस्थानीय वा परस्थानीय संरक्षण र व्यवस्थापन गर्ने, तिनमा विद्यमान रासायनिक तत्वहरुको अध्ययन, अनुसन्धान, विश्लेषण, दिगो उपयोग, आयमूलक खेती प्रवर्द्धन गरी रोजगार सृजना गर्ने तथा औद्योगिकीकरणको लागि परामर्श सेवा प्रदान गरी देशको आर्थिक विकासमा टेवा पुऱ्याउन र सामाजिक अवस्था उकास्न मद्दत गर्ने यस विभागको मुख्य उद्देश्य रहेको छ ।

वनस्पति विभागबाट सृजित संस्थाहरु

- वि.स. २०२९ सालमा शाही औषधी लिमिटेड हाल नेपाल औषधी लिमिटेड
- वि.सं. २०३७ सालमा औषधि व्यवस्था विभाग
- वि.सं. २०३८ सालमा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी
- वि.सं. २०५० सालमा वनस्पति विभागको शाही औषधी अनुसन्धानशालालाई औषधी व्यवस्था विभागको एउटा कार्यालयका रुपमा खडा गरिएकोमा उक्त अनुसन्धानशाला हाल राष्ट्रिय औषधी प्रयोगशालाको रुपमा रहेको छ ।

वनस्पति विभाग वन तथा वातावरण मन्त्रालयको मातहतमा रहेको छ । यस विभागको प्रमुखमा महानिर्देशकको नेतृत्व रहेको छ। यस विभाग अन्तर्गत दुई वटा महाशाखाहरु र सो अन्तर्गत अन्य शाखाहरु, तीन वटा केन्द्रिय कार्यालयहरु र सात वटा वनस्पति अनुसन्धान केन्द्रहरु रहेका छन् । प्रत्येक महाशाखाको प्रमुखको रुपमा सहसचिव (प्रा.) रहने व्यवस्था छ भने केन्द्रीय कार्यालयहरुमा उपसचिव (प्रा.) रहने व्यवस्था छ । यस विभागमा जम्मा ११६ जना कर्मचारीको दरवन्दी रहेको छ । यस विभाग अन्तर्गत ईलाम, धनुषा, मकवानपुर, सल्यान, बाकें, जुम्ला र कैलालीमा वनस्पति अनुसन्धान केन्द्रहरु रहेका छन भने ११ वटा वनस्पति उद्यानहरु रहेका छन्।

## २. विभागको काम, कर्तव्य र अधिकार

वैज्ञानिक अध्ययन तथा अनुसन्धानद्वारा वानस्पतिक स्रोतको पहिचान गरी प्रविधि विकासका माध्यमबाट तिनको स्वस्थानीय तथा परस्थानीय संरक्षण एवं व्यवस्थापन गर्ने र वनस्पति स्रोतको दिगो विकास गरी मुलुकको आर्थिक विकासमा टेवा पुऱ्याउन प्रयासरत यस विभागले निम्न कार्य क्षेत्रहरुमा केन्द्रित रही विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आईरहेको छ ।

- हर्वेरियम नमुनाहरु पहिचान, हर्वेरियम व्यवस्थापन र फ्लोरा प्रकाशन गर्ने।
- वनस्पति उद्यानहरुको वैज्ञानिक व्यवस्थापन गरी वंशाणुगत स्रोतको संरक्षण र विकास को लागि अध्ययन अनुसन्धानका साथै वनस्पति उद्यान सम्बन्धी विविध सेवा प्रदान गर्ने।
- मुलुकमा उपलब्ध जैविक विविधतालाई जैविक एवं संरक्षण प्रविधिहरुको माध्यमबाट दिगो विकासका उद्देश्यहरु हासिल गर्ने ।
- शैक्षिक र संरक्षण उद्यानको व्यवस्थापन गर्ने।
- विभिन्न वनस्पतिहरुमा रहेका उपयोगी रासायनिक तत्वहरुको अध्ययन अनुसन्धान तथा विश्लेषणात्मक कार्य गर्ने।
- गैरकाष्ठ वन पैदावार लगायत विभिन्न वनस्पतिहरुमा निहित रसायनिक तत्वहरु र त्यसको सुक्ष्म जीव प्रतिरोधी गुणहरुको परीक्षण, प्रमाणिकरण र गुणस्तर निर्धारण गर्ने र सो सम्बन्धी सेवा प्रदान गर्ने।
- देशमा विद्यमान जडीबुटी स्रोतको वर्तमान स्थिति पत्ता लगाउन स्थलगत सर्वेक्षण गरी गुणात्मक र परिमाणात्मक विश्लेषण

गर्ने।

- विभिन्न हावापानीमा पाईने उपयोगी जडीबुटीहरुको खेती प्रविधि विकास गर्न अनुसन्धानहरु गरी खेती प्रविधि विकास भएका जडीबुटीहरुको प्रविधि हस्तान्तरण गर्दै जाने।
- वनस्पति स्रोत सम्पदाका अध्ययन अनुसन्धानका लागि स्थापित केन्द्रीय एवं विभागका प्रयोगशालाहरुको समयानुकुल व्यवस्थापन तथा विस्तार गर्दै लाने।
- वनस्पति स्रोत सम्बन्धी विभिन्न विधाहरुमा प्रचार प्रसार, तालिम तथा विशेषज्ञ एवं परामर्श सेवा प्रदान गर्ने।

## ३. निकायमा रहने कर्मचारी संख्या

| क्र.सं. | कर्मचारीको पुरा नाम थर | पद | श्रेणी | सेवा | समूह/उपसमुह | कार्यरत शाखा |
|---|---|---|---|---|---|---|
| १ | डा.सन्जीव कुमार राई | महानिर्देशक | रा.प.प्रथम | वन | वोटानी | |
| २ | श्री मोहन देव जोशी | उप महानिर्देशक | रा.प.प्रथम | वन | वोटानी | अनुसन्धान तथा योजना महाशाखा |
| ३ | श्री सरोज कुमार चौधरी | उप महानिर्देशक | रा.प.प्रथम | इन्जि | केमेष्ट्री | व्यवस्थापन तथा विकास महाशाखा |
| ४ | श्री दिपक लामिछाने | वरिष्ठ वैज्ञानिक अधिकृत | रा.प.द्वि | वन | वोटानी | जैविक विविधता तथा साइटिस शाखा |
| ५ | श्री संगिता स्वांर | बरिष्ठ वैज्ञानिक अधिकृत | रा.प.द्वि | वन | वोटानी | वायोटेक्नोलोजी शाखा |
| ६ | श्री रघुराम पराजुली | वरिष्ठ योजना अधिकृत | रा.प.द्वि | वन | वोटानी | योजना तथा अनुगमन शाखा |
| ७ | श्री सन्तोष के.सी. | वरिष्ठ वैज्ञानिक अधिकृत | रा.प.द्वि | स्वास्थ्य | फार्मेसी | वायोलोजिक शाखा |
| ८ | श्री सरोजा अधिकारी | वरिष्ठ उद्यान अधिकृत | रा.प.द्वि | वन | वोटानी | शहरी उद्यान विकास शाखा |
| ९ | श्री मदन कुमार खड्का | वरिष्ठ वैज्ञानिक अधिकृत | रा.प.द्वि | वन | वोटानी | जडीबुटी प्रवर्द्धन तथा विकास शाखा |
| १० | श्री सम्झना प्रधान | वरिष्ठ वैज्ञानिक अधिकृत | रा.प.द्वि | इन्जि | केमेष्ट्री | |
| ११ | श्री राम सुन्दर साह | वरिष्ठ वैज्ञानिक अधिकृत | रा.प.द्वि | इन्जि | केमेष्ट्री | गुणस्तर निर्धारण शाखा |
| १२ | श्री शुक्रराज अधिकारी | वरिष्ठ वैज्ञानिक अधिकृत | रा.प.द्वि | इन्जि | केमेष्ट्री | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा |
| १३ | श्री डासुराम चापागाई | वरिष्ठ वैज्ञानिक अधिकृत | रा.प.द्वि | इन्जि | केमेष्ट्री | इन्ष्ट्रुमेन्ट शाखा |
| १४ | श्री मो. सज्जाद आलम | वैज्ञानिक अधिकृत | रा.प.तृतीय | वन | वोटानी | जडीबुटी सदुपयोग तथा पाइलट शाखा |
| १५ | श्री जनुका पाठक | योजना अधिकृत | रा.प.तृतीय | वन | वोटानी | योजना तथा अनुगमन शाखा |
| १६ | श्री कृष्णराम भट्टराई | वैज्ञानिक अधिकृत | रा.प.तृतीय | वन | वोटानी | जैविक विविधता तथा साइटिस शाखा |
| १७ | श्री कल्पना शर्मा ढकाल | वैज्ञानिक अधिकृत | रा.प.तृतीय | वन | वोटानी | जडीबुटी प्रवर्द्धन तथा विकास शाखा |
| १८ | श्री प्रमेश बहादुर लाखे | वैज्ञानिक अधिकृत | रा.प.तृतीय | वन | वोटानी | वायोलोजिक शाखा |
| १९ | श्री चेतना खनाल | उद्यान अधिकृत | रा.प.तृतीय | वन | वोटानी | शहरी उद्यान विकास शाखा |
| २० | श्री सिर्जना शाह | वैज्ञानिक अधिकृत | रा.प.तृतीय | वन | वोटानी | वायोटेक्नोलोजी शाखा |
| २१ | श्री मोनिका दाहाल | वैज्ञानिक अधिकृत | रा.प.तृतीय | वन | वोटानी | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा |
| २२ | श्री निशान्त श्रेष्ठ | वैज्ञानिक अधिकृत | रा.प.तृतीय | इन्जि | केमेष्ट्री | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा |
| २३ | श्री प्रतिक्षा श्रेष्ठ | वैज्ञानिक अधिकृत | रा.प.तृतीय | वन | वोटानी | वायोटेक्नोलोजी शाखा |
| २४ | श्री आशिष चौधरी | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | प्रशासन शाखा |
| २५ | श्री विष्णु प्रसाद भट्टराई | वैज्ञानिक अधिकृत | रा.प.तृतीय | वन | वोटानी | |

| क.सं. | कर्मचारीको पुरा नाम थर | पद | श्रेणी | सेवा | समूह/उपसमुह | कार्यरत शाखा |
|---|---|---|---|---|---|---|
| २६ | श्री सुजन ढकाल | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | आर्थिक प्रशासन शाखा |
| २७ | श्री कृष्णप्रसाद हुमागाई | योजना अधिकृत | रा.प.तृतीय | इन्जि | केमेष्ट्री | योजना तथा अनुगमन शाखा |
| २८ | श्री चन्द्र नारायण श्रेष्ठ | मेकानिकल इन्जिनियर | रा.प.तृतीय | इन्जि | मे.ई.ज,मे.ई. | इन्ष्ट्रुमेन्ट शाखा |
| २९ | श्री सिता अर्याल | वैज्ञानिक अधिकृत | रा.प.तृतीय | इन्जि | केमेष्ट्री | इन्ष्ट्रुमेन्ट शाखा |
| ३० | श्री सुजाता अधिकारी | वैज्ञानिक अधिकृत | रा.प.तृतीय | इन्जि | केमेष्ट्री | वायोलोजिक शाखा |
| ३१ | श्री शिव कुमार पौडेल | वैज्ञानिक अधिकृत | रा.प.तृतीय | इन्जि | केमेष्ट्री | इन्ष्ट्रुमेन्ट शाखा |
| ३२ | श्री कृष्णा चटौत | वैज्ञानिक अधिकृत | रा.प.तृतीय | इन्जि | केमेष्ट्री | गुणस्तर निर्धारण शाखा |
| ३३ | श्री आश्विन श्रेष्ठ | वैज्ञानिक अधिकृत | रा.प.तृतीय | इन्जि | केमेष्ट्री | गुणस्तर निर्धारण शाखा |
| ३४ | श्री रुविना ताम्राकार | वैज्ञानिक अधिकृत | रा.प.तृतीय | इन्जि | केमेष्ट्री | इन्ष्ट्रुमेन्ट शाखा |
| ३५ | श्री सावित्री प्याकुरेल | नायव सुब्बा | रा.प.अनं.प्र | प्रशासन | सा.प्र. | व्यवस्थापन तथा विकास महाशाखा |
| ३६ | श्री मायादेवी खुलाल निरौला | लेखापाल | रा.प.अनं.प्र | प्रशासन | लेखा | आर्थिक प्रशासन शाखा |
| ३७ | श्री सुनिता थापा | नायव सुब्बा | रा.प.अनं.प्र | प्रशासन | सा.प्र. | शहरी उद्यान विकास शाखा |
| ३८ | श्री शकुन्तला आचार्य | नायव सुब्बा | रा.प.अनं.प्र | प्रशासन | सा.प्र. | प्रशासन शाखा |
| ३९ | श्री धिरज घिमिरे | नायव सुब्बा | रा.प.अनं.प्र | प्रशासन | सा.प्र. | जिन्सी व्यवस्थापन शाखा |
| ४० | श्री कृष्णबाबु तिवारी | असिस्टेन्ट वोटानिष्ट | रा.प.अनं.प्र | वन | वोटानी | वायोटेक्नोलोजी शाखा |
| ४१ | श्री डम्मर सिंह साउद | असिस्टेन्ट वोटानिष्ट | रा.प.अनं.प्र | वन | वोटानी | जडीबुटी प्रवर्द्धन तथा विकास शाखा |
| ४२ | श्री गंगा रिजाल | असिस्टेन्ट वोटानिष्ट | रा.प.अनं.प्र | वन | वोटानी | शहरी उद्यान विकास शाखा |
| ४३ | श्री गोपाल शर्मा | वनस्पति सहायक | रा.प.अनं.प्र | वन | वोटानी | जैविक विविधता तथा साइटिस शाखा |
| ४४ | श्री रोमी महर्जन | असिष्टेन्ट केमिष्ट | रा.प.अनं.प्र | इन्जि | केमेष्ट्री | जिन्सी व्यवस्थापन शाखा |
| ४५ | श्री गोपाल कार्की | वनस्पति सहायक | रा.प.अनं.प्र | वन | वोटानी | जडीबुटी सदुपयोग तथा पाइलट शाखा |
| ४६ | श्री हेमन्त कुमार के.सी. | असिष्टेन्ट वोटानिष्ट | रा.प.अनं.प्र. | वन | वोटानी | योजना तथा अनुगमन शाखा |
| ४७ | श्री विनिता सुवेदी | असिष्टेन्ट केमिष्ट | रा.प.अनं.प्र | इन्जि | केमेष्ट्री | इन्ष्ट्रुमेन्ट शाखा |
| ४८ | श्री सृजना महर्जन | पुस्तकालय सहायक | रा.प.अनं.प्र | शिक्षा | पुस्तकालय विज्ञान | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा |
| ४९ | श्री सौरभ झा | असिष्टेन्ट केमिष्ट | रा.प.अनं.प्र | इन्जि | केमेष्ट्री | गुणस्तर निर्धारण शाखा |
| ५० | श्री ज्ञान भक्त महर्जन | टा.ख. | रा.प.अनं.द्वि | प्रशासन | सा.प्र. | प्रशासन शाखा |
| ५१ | श्री झनक कुमारी थापामगर | खरिदार | रा.प.अनं.द्वि | प्रशासन | सा.प्र. | अनुसन्धान तथा योजना महाशाखा |
| ५२ | श्री चन्द्र कुमारी मुखिया | खरिदार | रा.प.अनं.द्वि | प्रशासन | सा.प्र. | प्रशासन शाखा |
| ५३ | श्री रमेशराज इटनी | हे.फि.अ. | रा.प.अनं.द्वि | वन | वोटानी | शहरी उद्यान विकास शाखा |

## ४. निकायबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने शाखा र जिम्मेवार निकाय (नागरिक वडापत्र)

| क्र.सं. | सेवाका विवरण | आवश्यक प्रक्रिया | आवश्यक कागजातहरु | दस्तुर | समय | सम्पर्क राख्नुपर्ने शाखा/व्यक्ति | सेवा प्रदान गर्ने शाखा | उजुरी/गुनासो सुन्ने व्यक्ति र निजको फोन न. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | वनस्पति स्रोत सम्बन्धी सूचनामुलक सामाग्रीहरुका वितरण एवं सूचना प्रवाह | सम्बन्धित व्यक्ति संस्थाले शाखामा सम्पर्क राख्नुपर्ने | संस्थागत भए संस्थाको पत्र | निःशुल्क | यथाशिघ्र | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा प्रमुख/स.प्र.प्र.अ. | प्रचार प्रसार तथा डकुमेन्टेशन | उप महानिर्देशक<br>५३५११७१ | |
| २. | वनस्पति सम्बन्धी प्रकाशनको बिक्री वितरण | | | सामग्रीको मूल्य अनुसार | यथाशिघ्र | जिन्सी व्यवस्थापन शाखा प्रमुख | जिन्सी व्यवस्थापन | उप महानिर्देशक<br>५३५११७१ | |
| ३. | जडीबुटीजन्य स्रोत तथा विस्तार सम्बन्धी जानकारी | | | निःशुल्क | यथाशिघ्र | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा प्रमुख/स.प्र.प्र.अ. | जडीबुटी प्रवर्द्धन तथा विकास शाखा | उप महानिर्देशक<br>४२५११६० | |
| ४. | जैविक विविधता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनबाट संरक्षित बिरुवाका प्रजातिहरु, जलवायू परिवर्तन सम्बन्धी जानकारी | | | निःशुल्क | यथाशिघ्र | | जैविक विविधता तथा साइटिस शाखा | उप महानिर्देशक<br>४२५११६० | |
| ५. | टिस्युकल्चर प्रविधिबाट उत्पादित बिरुवाहरु खेती परीक्षणका लागि वितरण | आवेदन वा सम्बन्धित संस्थाको पत्र | रितपूर्वकको निवेदन तथा नागरिकताको प्रमाणपत्र वा परिचय खुल्ने प्रमाणपत्र वा संस्थाको दर्ता नं. खुल्ने कागजात | निःशुल्क | बिरुवा तयार भएपछि शाखा प्रमुखबाट सम्पर्क गरिने | | बायाटेक्नोलोजी शाखा | उप महानिर्देशक<br>४२५११६० | बिरुवा संख्या र रोप्ने ठाउँ खोल्नुपर्ने |
| ६. | वनस्पति स्रोत र सम्पदा सम्बन्धी नीति योजना तथा कार्यक्रमका बारेमा जानकारी | | | निःशुल्क | यथाशिघ्र | | योजना तथा अनुगमन शाखा | उप महानिर्देशक<br>४२५११६० | |
| ७. | विभाग र मातहत कार्यालयहरुको कार्यक्रमहरुको कार्य प्रगतिको जानकारी | | | निःशुल्क | यथाशिघ्र | | योजना तथा | उप महानिर्देशक<br>४२५११६० | |
| ८. | विश्लेषण परीक्षण सेवा<br>FTIR<br>GCMS<br>HPLC | | | ५००/-<br>१०००/-<br>१२००/- | प्रयोगशालामा नमूना प्राप्त भएको मिति देखि ७ कार्य दिन भित्र | व्यवस्थापन तथा विकास महाशाखा | इन्स्ट्रुमेन्ट शाखा | उप महानिर्देशक<br>५३५११७१ | |
| ९. | बाह्य स्रोतबाट माग भई आए अनुसार प्रशोधन सेवा उपलब्ध गराउन | | | प्रति मेशिनको प्रति घण्टा<br>५००/- | परिमाण हेरी ५ दिन देखि १ महिना सम्म | जडीबुटी सदुपयोग तथा पाइलट शाखा प्रमख/स.वै .अ. | जडिबुटी सदुपयोग तथा पाइलट शाखा | उप महानिर्देशक<br>५३५११७१ | |
| १०. | नेपाली बिरुवामा अनुसन्धान अनुमति<br>स्वदेशी/विदेशी (नेपालमा परीक्षण गर्ने)<br>स्वदेशी/विदेशी (विदेशमा परीक्षण गर्ने) | | वनस्पति विभागको "वनस्पति स्रोत अध्ययन अनुसन्धान कार्यविधि २०७०" को अनुसूची १ अनुसारको निवेदन तथा कागजपत्र | निःशुल्क | १ सप्ताह | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा प्रमुख/स.प्र.प्र.अ. | जैविक विविधता तथा साइटिस शाखा | उप महानिर्देशक<br>४२५११६<br>० | मन्त्रालयको सहमति प्राप्त भएको ३ दिन भित्र |
| ११.१ | जडीबुटीका सूक्ष्मजीव विरोधी क्षमता (एन्टिमाइक्रोवियल) परीक्षण* | परीक्षण गर्नुपर्ने नमूना आवश्यक कागजातहरु सहित बुझाउने | - रितपूर्वकको निवेदन<br>- विद्यार्थीको हकमा आवद्ध संस्थाको सिफारिस पत्र<br>- परीक्षण फारम संलग्न गरेको हुनुपर्ने<br>- संस्थाको हकमा निवेदन साथ संस्थाको दर्ता नं. एवं PAN/VAT नं. खुलेको प्रमाण पत्र संलग्न अथवा संस्थाको दर्ता नं. तथा PAN/VAT दर्ता नं. खुलेको लेटरप्याडमा निवेदन दिनुपर्ने | २,६००/- | नमूना प्राप्त भएको मिति देखि १२ कार्य दिन भित्र | व्यवस्थापन तथा विकास महाशाखा | वायालोजिकल शाखा | उप महानिर्देशक<br>५३५११७१ | सारतत्व परिक्षण गर्नुपर्ने भएमा नमूना न्यूनतम ३ ग्राम |
| ११.२ | जडीबुटीका सुक्ष्मजीव विरोधी क्षमता (एन्टिमाइक्रोवियल परीक्षण )<br>Minimum Inhibitory Concentration / Minimum Bactericidal Concentration सहित | | | ३,०००/- | नमूना प्राप्त भएको मिति देखि २० कार्य दिन भित्र | | | | सारतत्व परिक्षण गर्नुपर्ने भएमा नमूना न्यूनतम ५ ग्राम |
| ११.३ | ब्याक्टेरियाका टि.ए.भि.सि. (Total aerobic viable count of Bacteria) | | | ८००/- | नमूना प्राप्त भएको मिति देखि २५ कार्य दिन भित्र | | | | परिक्षण गर्नुपर्ने नमूनाको न्यूनतम १०० ग्रामको ३ वटा छुट्टाछुट्टै सिलबन्दी बट्टा/प्याकेट |
| ११.४ | ढुसी र यिस्टका टि.भि.सि. (Total viable count of Yeasts & Moulds) | | | ८००/- | | | | | |
| ११.५ | इस्चिरिचिया कोली परीक्षण (*Escherichia coli* test) | | | ७००/- | | | | | |
| ११.६ | इन्टेरोव्याक्टेरियसी परीक्षण (Enterobacteriaceae test) | | | ५००/- | | | | | |
| ११.७ | साल्मोनेल्ला परीक्षण (*Salmonella* Test) | | | ९००/- | | | | | |
| १०. | सिजेल्ला परीक्षण (*Shigella* Test) | | | ९००/- | | | | | |
| ११.९ | क्लोस्ट्रिडियम परीक्षण (*Clostridium* Test) | | | ७००/- | | | | | |
| ११.१ | स्यूडामोनास परीक्षण (*Pseudomonas* Test) | | | ७००/- | | | | | |
| ११.१ | स्टाफाइलोकोक्कस अउरियस (*Staphylococcus aureus* Test) | | | ८००/- | | | | | |
| १२. | राष्ट्रिय चाडपर्वहरुमा माग भई आए बमोजिम फूलका गमला आपूर्ति/सजावट गर्ने<br>सरकारी निकायका विशिष्ट पाहुनाहरुको स्वागत सत्कारमा फूल, माला, गुच्छा, गमला, फुलदानी आपूर्ति गर्ने | आवेदन | सम्बन्धित निकायको पत्र | निःशुल्क | पत्र प्राप्त भएपछि | शहरी उद्यान विकास शाखा प्रमुख | शहरी उद्यान विकास शाखा, सिंहदरवार | उप महानिर्देशक<br>५३५११७१ | फूल, माला, गुच्छा, गमला, फुलदानी उपलब्ध हुनुपर्ने दिनभन्दा २ दिन अगावै आवेदन दिनुपर्ने |

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

सम्बन्धित शाखाबाट टिप्पणी उठाई सम्बन्धित महाशाखावाट सिफारीस गरी महानिर्देशकज्यूबाट स्वीकृत गराउने । प्रत्येक कामसँग सम्बन्धित सम्पूर्ण कागजात तथा विवरणहरु, सम्वन्धित शाखाका शाखा प्रमुखले तोकेको कर्मचारीको जिम्मामा रहनेछ र निजले ती अभिलेखहरु आफू कुनै कारणबाट शाखामा नरहने भए पन्जिका बनाई अनिवार्य रुपमा बुझाउनु पर्नेछ । हरेक शाखाबाट उठान भएका निर्णय फाइल तथा तत् सम्बन्धी कागजातहरुको सूची पंजिका बनाउन र व्यवस्थित गरी राख्ने जिम्मा तोकिएका फाँटवाला सहायक कर्मचारीको हुनेछ । निर्णय गर्ने तहबाट फाइल उपमहानिर्देशक हुँदैं सम्वन्धित शाखामा पठाईन्छ । निर्णयका फाइल वा कागजात प्राप्त भएपछि शाखा प्रमुखले त्यसको जानकारी सरोकारवालालाई दिनुपर्नेछ । फाइल जिम्मा लिने कर्मचारी विदामा वसेमा वा अनुपस्थित रहेमा कसले जिम्मा लिने भन्ने कुरा शाखाका प्रमुखले लिखित रुपमा तोकिदिनुपर्नेछ । फाइल वा कागजातको जिम्मेवारी पाएका/लिएका कर्मचारी अन्यत्र सरुवा भै जानुपर्ने भएमा सरुवा भई आउने कर्मचारीलाई वा तोकिएको अन्य कर्मचारीलाई बरवुझारथ गर्नु पर्नेछ।

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सेवाग्राहीले उल्लेखित सेवा प्राप्त गर्न नसकेमा वा कुनै सुझाव भएमा महानिर्देशक वा उपमहानिर्देशक समक्ष लिखित वा मौखिक उजुरी गर्न सक्नेछन्। साथै विभागको उजुरी पेटिकामा लिखित उजुरी हाल्न सक्नेछन्।

### ७. प्रमुखको नाम र पद

नाम - डा. सन्जीव कुमार राई
पद - महानिर्देशक
फोन नं - ०१-५३५११६१
ईमेल : sanjeev.rai@nepal.gov.np

## ८. सूचना अधिकारीको नाम र पद

नाम - श्री निशान्त श्रेष्ठ
पद - वैज्ञानिक अधिकृत
फोन नं - ०१-५३६८२४६
ईमेल : nishanta.sth@gmail.com

## ९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- जडीबुटी खेती प्रविधि कार्यविधि, २०७५
- जडीबुटी विकासका लागि अनुदान सम्बन्धि कार्यविधि, २०७५
- सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्न बनेको ऐन, २०७४
- जडीबुटी एवं गैर काष्ठ वन पैदावार विकास नीति, २०६१
- वनस्पति स्रोत अनुसन्धान कार्यविधि, २०७० (पहिलो संशोधन २०७३)
- सुनाखरी संकलन तथा खेती विकास (कार्यविधि) निर्देशिका, २०६९
- जैविक सुरक्षा निर्देशिका, २०६२
- स्वदेशी शोभनीय वनस्पति अध्ययन अनुसन्धान कार्यविधि, २०७५
- स्व-स्थानीय तथा पर-स्थानीय वनस्पति संरक्षण कार्यविधि, २०७५
- राष्ट्रिय वनस्पति पुरस्कार कार्यविधि, २०७७
- जडीबुटी प्रशोधन केन्द्रको स्थापना तथा संचालन कार्यविधि निर्देशिका, २०७६
- जडीबुटीको व्यवसायिक खेती विस्तार कार्यविधि निर्देशिका, २०७७
- जडीबुटीहरुको खेती सम्भाव्यता पकेट क्षेत्र छनौट

## १०	आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

### बजेट खर्च

| क्र. सं. | ब.उ.शि.नं. तथा कार्यक्रमहरु | विनियोजन रकम | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ३२९०२०११३ वनस्पति विभाग | ७०,५१९,०००।०० | १७,०७८,४९७।०० | |
| २ | ३२९०२१०१३ जडीबुटी विकास कार्यक्रम | ८,२४५,०००।०० | - | |
| ३ | ३२९०२१०३३ वनस्पति अनूसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | ५,११३,०००।०० | १,२०५,०००।०० | |
| चालूतर्फको जम्मा | | ८३,८७७,०००।०० | १८,२८३,४९७।०० | |
| ४ | ३२९०२१०१४ जडीबुटी विकास कार्यक्रम | ५००,०००।०० | | |
| ५ | ३२९०२१०३४ वनस्पति अनूसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | २००,०००।०० | २५,०००।०० | |
| पूँजीगततर्फको जम्मा | | ७००,०००।०० | २५,०००।०० | |
| | **कूल जम्मा** | **८४,५७७,०००।००** | **१८,३०८,४९७।००** | |

## ११	अघिल्ला आ.व. मा विभागबाट सञ्चालित कार्यक्रमहरुको विवरण

आ.व. ०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम तथा खर्च विवरण पूँजीगत तथा चालु

| क्र. सं. | ब.उ.शि.नं. | कार्यक्रम/ आयोजना | विनियोजन रकम रु. | खर्च रकम रु. |
|---|---|---|---|---|
| १ | ३२९०२०११३ | वनस्पति विभाग | ७७,३४७,०००।०० | ६४,४७३,३४६।०० |
| ४ | ३२९०२०११४ | वनस्पति विभाग | ६,२८०,०००।०० | ४,६५३,६७४।०० |
| २ | ३२९०२१०१३ | जडीबुटी विकास कार्यक्रम | १०,३५१,०००।०० | ८,१६६,१७५।०० |
| ५ | ३२९०२१०१४ | जडीबुटी विकास कार्यक्रम | १,०००,०००।०० | ७७०,९२०।०० |
| ३ | ३२९०२१०३३ | वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | ७,८३८,०००।०० | ६,३१९,०००।०० |
| ६ | ३२९०२१०३४ | वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | ७,२००,०००।०० | ३,२७१,०००।०० |
| | **जम्मा** | | **११०,०१६,०००।००** | **८७,६५४,११५।००** |

## १२.विभागको Website

**www.dpr.gov.np**
ईमेल: **info@dpr.gov.np**

## १३.विभागले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग, सम्झौता

कुनै पनि सम्झौता/अनुदान प्राप्त नभएको।

## १४. विभागले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति विवरण

### १.वनस्पति अनुसन्धान, संरक्षण तथा उद्यान विकास कार्यक्रम

- राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालामा रहेका १,७०,००० हर्वेरियम नमुनाहरुको व्यवस्थापन गरिएको।
- १,१९१ हर्वेरियम नमुनाहरुको Digitization कार्य सम्पन्न गरिएको।
- ११ वनस्पति उद्यानमा २४,८५५ वटा मौसमी शोभनीय फूल बिरुवा उत्पादन भएको।
- ११ वनस्पति उद्यानहरुमा विभिन्न किसिमका ल्याण्डस्केप/जाति विशेष उद्यानहरु - शैक्षिक वाटिका, ट्याक्सोनोमिकल फेमिली गार्डेन, ईथ्नोवोटानिकल वाटिका, फ्लोरल क्लक, जलिय उद्यान, फर्न उद्यान, ईण्डेमिक, अल्पाइन र एक्जोटिक गार्डेन लगायतका थिमेटिक वाटिकाहरु व्यवस्थापन गरिएको।
- उद्यान व्यवस्थापन मार्फत १ लाख ८७ हजार ५ सय ४३ जना आगन्तुकलाई वनस्पति उद्यानमा पर्यटकीय सेवा प्रदान गरिएको।

### २. जडीबुटी विकास कार्यक्रम

- १३० वटा नमूनाहरुको विश्लेषण, प्रमाणीकरण, गुण नियन्त्रण तथा सिफारिस कार्य गरिएको ।
- ३७ वटा वनस्पति नमूनाको GCMS र FTIR उपकरण मार्फत परीक्षण सेवा प्रदान गरिएको।
- ७ वनस्पति अनुसन्धान केन्द्रहरुबाट ९,६१७ जडीबुटी बिरुवा उत्पादन र २२,५९० बिरुवा (मौज्दात) वितरण भएको।
- ११ वनस्पति उद्यानहरुमा हालसम्म १४०२ प्रजातिको वनस्पति संकलन भई परस्थानीय संरक्षण भएको।
- वनस्पति अनुसन्धान केन्द्र, धनुषाद्वारा २३, मकवानपुरद्वारा २०, सल्यानद्वारा ४९, जुम्लाद्वारा ५७ तथा कैलालीद्वारा ३५ जना गरी जम्मा १८४ कृषकहरूको सहभागितामा जडीबुटी खेती सम्बन्धी तालिम संचालन भएको।

### ३. वनस्पति विभाग

- कार्यालय संचालन तथा नियमित व्यवस्थापन भएको।

## १५.विभागमा परेको सूचना माग सम्बन्धि निवेदन र सो उपर दिएको विवरण

| निवेदन दिने संस्था/व्यक्ति | मागका सूचनाको विवरण | कारवाहीको विवरण |
|---|---|---|
| - | - | - |

## १६.सूचना प्रकाशन

- वनस्पति विभागबाट सञ्चालित अनुसन्धान कार्यका नतिजाहरुको प्रकाशन **Journal of Plant Resources** प्रकाशित गर्ने गरिएको र उक्त प्रकाशनलाई विभागको Website मा समेत राख्ने गरिएको छ।
- वनस्पति विभागबाट सञ्चालित कार्यक्रम तथा गतिविधिहरुका जानकारी "वनस्पति स्रोत" त्रैमासिक समाचारपत्र मार्फत् प्रदान गर्ने गरिएको र उक्त प्रकाशनलाइ विभागको Website मा समेत राख्ने गरिएको छ।
- अन्य प्रचार प्रसार मूलक सामग्रीहरु leaflet, booklet, posters, वार्षिक प्रगति प्रतिवेदन लगायतका प्रकाशित सामग्री वितरण गरिएको साथै विभागको Website मा समेत राख्ने गरिएको छ।

## १७.संगठन संरचना

### वन तथा वातावरण मन्त्रालय

### वनस्पति विभाग
महानिर्देशक

#### अनुसन्धान तथा योजना महाशाखा
उप-महानिर्देशक

- जडीवुटी प्रवर्द्धन तथा विकास शाखा
- बायोटेक्नोलोजी शाखा
- योजना तथा अनुगमन शाखा
- जैविक विविधता तथा साइटिस शाखा
- शहरी उद्यान विकास शाखा

#### **केन्द्रिय कार्यालयहरु**

- प्राकृतिक सम्पदा अनुसन्धानशाला
- राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला
- राष्ट्रिय वनस्पति उद्यान

#### **वनस्पति अनुसन्धान केन्द्र, कार्यालयहरु**

- वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर
- वनस्पति अनुसन्धान केन्द्र, ईलाम
- वनस्पति अनुसन्धान केन्द्र, धनुषा
- वनस्पति अनुसन्धान केन्द्र, बार्के
- वनस्पति अनुसन्धान केन्द्र, सल्यान
- वनस्पति अनुसन्धान केन्द्र,कैलाली
- वनस्पति अनुसन्धान केन्द्र, जुम्ला

#### (शाखाहरु)

- प्रशासन शाखा
- आर्थिक प्रशासन शाखा
- जिन्सी व्यवस्थापन शाखा

#### व्यवस्थापन तथा विकास महाशाखा
उप-महानिर्देशक

- इन्स्टुमेन्ट शाखा
- गुणस्तर निर्धारण शाखा
- बायोलोजिकल शाखा
- प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा
- जडीवुटी सदुपयोग तथा पाइलट शाखा